**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY




वर्ष-१३ ।। अङ्क : ९२ ॥ २०७८ जेठ २३ गते आइतबार (6th June 2021, Sunday) **Pratidin** National Daily

# कचनकवलमा करेन्ट लागेर मृत्यु



***झापा (प्रस) ।*** झापाको कचनकवल गाउँपालिका ६ मा करेन्ट लागेर एकजनाको ज्यान गएको छ । स्थानीय ४० बर्षीय डोलु आलम मियाको करेन्ट लागेर मृत्यु भएको हो । शुक्रबार बेलुका ६ बजे सोही स्थानका श्याम भेट्वालको घरमा धान काट्न आएकोमा कलमा पानी खाने क्रममा पानी तान्ने मोटरबाट करेन्ट लागेर उनी गम्भीर घाईते भएका थिए । उनको उपचारको लागि लाने क्रममा बाटैमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# स्काउटले गर्यो कोरोना संक्रमितको शव व्यवस्थापन



***भद्रपुर (प्रस) ।*** नेपाल स्काउटको टोलीले पहिलो पटक नेपाली सेनासँगको सहकार्यमा कोरोना संक्रमणबाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन गरेको छ ।

स्काउट प्रदेश नम्बर १ का सदस्य अरूण बस्नेत नेतृत्वको टोलीले भद्रपुर ६ का ८४ वर्षीय बृद्धको कोरोना संक्रमणबाट मृत्यु भएपछि सेनासँग सहकार्य गरी शव व्यवस्थापन गरेको हो । झापामा नेपाली सेनाको टोलीले मात्र कोरोनाबाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन गर्दै आएको थियो ।

मृत्युदर तीव्र हुँदै जाँदा सामाजिक स्वयम्सेवक भएको नेपाल स्काउटलाई सहकार्यका लागि सेनाले प्रशिक्षण दिएको थियो । सेनाले प्रशिक्षण दिएपछि पहिलो पटक स्काउट टोली शव व्यवस्थापनका लागि भद्रपुरबाट निस्किएको हो ।

# प्रशासकीय अधिकृत नहुँदा अर्जुनधाराको कामकाज प्रभावित

***अर्जुनधारा (प्रस) ।*** प्रमुख प्रशासकीय अधिकृत नहुँदा अर्जुनधारा नगरपालिकाको कामकाज प्रभावित भएको छ ।प्रमुख प्रशासकीय अधिकृत महेन्द्रकुमार खाम्याहाङको निधनपछि अर्को प्रमुख प्रशासकीय अधिकृत नआएपछि नगरपालिकाको कामकाज सहज रुपमा संचालन हुन नसकेको हो ।

अहिले शिक्षा शाखाका तोयानाथ रेग्मीले निमित्तको रुपमा जिम्मेवारी सम्हाल्दै आएका छन् ।उनले सम्हालेको एक महिनाभन्दा बढी भइसक्यो । निमित्त अधिकृतले जिम्मेवारीपूर्वक कार्यभार सम्हाल्न नसक्दा कार्यालयको कामकाज संचालन गर्न अप्ठ्यारो परिरहेको एक कर्मचारीले बताए ।कर्मचारी तथा सेवाग्राहीले अत्यावश्यक काम, योजनाका काम, सम्पन्न भइसकेकाका विकास निर्माणका फाइलहरु फर्काइँदा अन्य गर्नुपर्ने कामसमेत प्रभावित बनिरहेको कर्मचारीहरु बताउँछन् ।निमित्त प्रमुख प्रशासकीय अधिकृतले मनोमानी ढंगबाट कार्य सम्पादन गरेपछि विभिन्न शाखाका कर्मचारीले नगर प्रमुख हरिकुमार रानासमक्ष गुनासो समेत राख्ने गरेको पाइएको छ ।यसैबीच, अर्जुनधारामा प्रदेश १ को सामाजिक विकास मन्त्रालयबाट अम्बिकाप्रसाद चौंलागाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा आउने चर्चा छ । गत साता नै आउने कुरा भएपनि उनी अझै आइपुगेका छैनन् ।

# मुक्तिघाटमा दमक जेसीजको वृक्षरोपण



***दमक (प्रस) ।*** विश्व वातावरण दिवसको अवसर पारेर शनिवार दमक जेसीजले दमक २ स्थित प्रस्तावित दमक मुक्तिघाट क्षेत्रमा बृक्षरोपण गरेको छ ।

दमक जेसीजका अध्यक्ष सुयोग खरेलको अध्यक्षता तथा दमक नगरपालिकाका प्रमुख रोमनाथ ओलीको प्रमुख आतिथ्यतामा एक कार्यक्रम गरी कपुर,रुद्राक्षलगायतका जातका बिरुवाहरु रोपिएका हुन् । वातावरण संरक्षणमा जोड दिने उद्देश्यले जेसीजले आफ्नो बार्षिक कार्यक्रमअन्तर्गत वृक्षरोपण गरेको महासचिव निरज आचार्यले जानकारी दिए । मेरो जीवनमा एउटा बिरुवा'भन्ने सन्देशका साथ आयोजित वृक्षरोपण कार्यक्रममा दमक ६ का वडा अध्यक्ष टेकबहादुर थापा,हंसेदुम्से सामुदायिक बन उपभोक्ता समितिका अध्यक्ष हिमालय दाहाल,जेसीजका पदाधिकारी ,सदस्यहरुलगायतको उपस्थिति रहेको थियो । यसैगरी विश्व वातावरण दिवसको अवसर पारेर कमल गाउँपालिका वडा नं ७ स्थित गेउरिया बजार क्षेत्रमा वृक्षरोपण गरिएको छ । वडा कार्यालयको आयोजना तथा गेउरिया बजार समिति र विष्णुकठ्ठा टोल विकास समितिको व्यवस्थापनमा शनिवार त्यहाँ वृक्षरोपण गरिएको हो । वडा अध्यक्ष पृथ्बीपति राईको प्रमुख आतिथ्यतामा भएको सो वृक्षरोपणमा बजार तथा सडक किनारमा कपुर,स्वामीलगायत विभिन्न जातका बिरुवाहरु रोपिएको स्थानीय अरुण गुरुङले बताएका छन् ।

# एकैदिन झापाका सात जनाको कोरोनाबाट मृत्यु



***झापा (प्रस) ।*** पछिल्लो चौबीस घण्टामा झापाका सात जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ । मृत्यु हुनेमा बिर्तामोडका दुईजना रहेका छन् भने दमक , गौरादह , भद्रपुर , अर्जुनधारा र बाह्रदशीका एक-एकजना रहेका छन् । बिर्तामोड १ की बस्नेत थरकी महिलाको शनिवार दिउँसो बिर्तासिटी हस्पिटलमा मृत्यु भएको छ भने बिर्तामोड ४ का ८५ वर्षिय विमली थरका बृद्धको होम आइसोलेसनमा शुक्रवार राति मृत्यु भएको हो । एन्टीजेन टेष्ट गराएर ती बृद्ध घरमै बसेका थिए । कोरोनाको नयाँ भेरियन्टबाट बिर्तामोडमा हालसम्म १८ जनाको ज्यान गइसकेको छ ।

त्यस्तै दमक र गौरादहका गरी थप दुई जना कोरोना संक्रमितको मृत्यु भएको छ ।

दमक नगरपालिकाको स्वास्थ्य शाखाका अनुसार दमक १ घर भई बिर्तामोडस्थित विएण्डसी अस्पतालमा उपचाररत २८ बर्षिय पुरुषको शनिवार उपचारका क्रममा मृत्यु भएको हो । योसंगै दमकमा कोरोना संक्रमित मृतकको संख्या २१ पुगेको छ । दमकमा हाल कोरोनाका सक्रिय संक्रमितको संख्या ४०२ रहेको जनाईएको छ । २०९ महिला र १९३ पुरुष सक्रिय संक्रमित रहेका छन् ।

यसैगरी, कोरोना संक्रमणबाट गौरादहकी थप एक बृद्धाको विराटनगरमा मृत्यु भएको छ ।विराटनगरस्थित कोशी कोभिड अस्पतालमा उपचार गर्दै आएकी गौरादह नगरपालिका वडा न. ३ गौरीगाउँकी ६० बर्षिया बृद्धाको शुक्रवार राति मृत्यु भएको नगर स्वास्थ्य शाखाका सहसंयोजक गोविन्द श्रेष्ठले जानकारी दिए ।

मृतकमा मधुमेहको पनि समस्या रहेको थियो । योसँगै गौरादहमा कोरोना भाइरसको नयाँ भेरियन्टबाट मृत्यु हुनेको सँख्या ७ पुगेको छ ।

त्यस्तै कोरोना संक्रमणबाट अर्जुनधाराका एक व्यक्तिको मृत्यु भएको छ ।अर्जुनधारा ११ का ६० वर्षीय लिम्बू थरका व्यक्तिको शनिवार दिउँसो १ बजे मृत्यु भएको हो । कोरोना संक्रमण भएपछि उनको बिर्तामोडको बिर्तासिटी हस्पिटलमा उपचार भइरहेको थियो । शनिवार हस्पिटलमै मृत्यु भएको हो । उनको शनिवार नै कनकाई माईमा अन्त्येष्टि गरिएको कोभिड फोकल पर्सन मुकुन्द बस्नेतले जानकारी दिए । योसँगै दोस्रो लहरमा अर्जुनधारा नगरपालिकामा १७ जनाको ज्यान गइसकेको छ । जसमा ७ जना महिला छन् ।

त्यस्तै बाह्रदशीमा कोरोना संक्रमणबाट शुक्रवार राति एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा बाह्रदशी ७ डाँगीबारी बजारका ५४ वर्षिय बर्देवा थरका पुरुष छन् । स्वास्थ्य अबस्था गंभीर बनेपछि उपचारका लागि बिर्तामोडको मनमोहन हस्पिटल पुर्याउनासाथ उनको मृत्यु भएको स्वास्थ्य शाखाका राम शाहले बताए । योसँगै बाह्रदशीमा कोरोनाको नयाँ भेरियन्टबाट मृत्यु हुनेको सँख्या २ पुगेको छ । त्यस्तै भद्रपुर ६ का ८४वर्षिय प्रसाई थरका बृद्धको शनिवार दिउँसो बिएण्डसी हस्पिटलमा मृत्यु भएको छ । योसँगै कोरोनाको नयाँ भेरियन्टबाट भद्रपुरमा मृत्यु हुनेको सँख्या १८ पुगेको छ । त्यस्तै झापामा कूल कोरोना संक्रमित मृतकको सँख्या २६२ पुगेको छ । यसैबीच मोरङ उर्लाबारी ७ का ६० वर्षिय बृद्धको उपचारका क्रममा लाइफलाइन अस्पताल दमकमा मृत्यु भएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

## झापामा थपिए १५४ संक्रमित, २०३ जना डिस्चार्ज

***झापा (प्रस) ।*** पछिल्लो २४ घण्टामा झापाका १५४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । योसँगै कुल संक्रमितको संख्या ११ हजार ३७८ पुगेको छ । शनिवार संक्रमितमध्ये सबैभन्दा बढी दमकका १६ महिलासहित ३७ जना रहेका छन् । यस्तै, अर्जुनधाराका १५ महिलासहित २४ जना, हल्दिबारीका ८ महिलासहित १८ जनामा पनि संक्रमण पुष्टि भएको छ ।यसैगरी, भद्रपुर र गौरीगञ्जका १०-१० जना, बिर्तामोडका ९ जना, मेचीनगर, कनकाई र बाह्रदशीका ८-८ जना, शिवसताक्षीमा ७ जना, कमलमा ५ जना, झापा र बुद्धशान्तिमा ३-३ जना, ठेगाना नखुलेका र गौरादहका २-२ जनामा संक्रमण पुष्टि भएको हो ।शनिवार २०३ जना निको भएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । योसँगै झापामा कुल डिस्चार्ज हुनेको संख्या ६ हजार ७४८ पुगेको छ ।

> झापामा कुल डिस्चार्ज हुनेको संख्या ६ हजार ७४८












बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
१ नं प्रदेश,नेपाल शनिश्चरे, झापा

प्रथम पटक प्रकाशित मिति २०७८/०२/२२

**अर्जुनधारा नगरपालिकाद्वारा संचालन गरिने आईसोलेसन सेन्टरमा आवश्यक सामग्री व्यवस्थापनको लागि**

## सिलवन्दी दरभाउपत्र पेश गर्ने सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा यस अर्जुनधारा नगरपालिकाद्वारा संचालन हुन लागेको आईसोलेसन व्यवस्थापनको लागि तल उल्लेख भएका सामग्री के कति दररेटमा उपलब्ध गराउन सकिन्छ सो को प्रति एक ईकाइ मुल्य विवरण (कर सहित) यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कर चुक्ता, संस्था/फर्म/कम्पनिको प्रमाणपत्रको प्रतिलिपि,नविकरण र सक्कल निवेदन सहित यस नगरपालिका कार्यपालिकाको कार्यालयमा सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सवै सरोकारवालाहरुमा यो सूचना प्रकाशित गरिएको छ।

क.आइसोलेसन सेण्टरका लागि आवश्यक सर्जिकल मेडिकल सामग्रीहरु

| क. सं. | सामग्रीको नाम | स्पेशिफिकेशन | इकाइ |
|---|---|---|---|
| 1 | कार्डियाक मोनिटर | High Resolution, Colour LCD Screen 12 inch, NIBP, SPO2, Pulse rate monitor, Audio and visual alarm, ISO certified | Piece |
| 2 | पल्स अक्सिमिटर | ISO certified | Piece |
| 3 | इलेक्ट्रिक सक्सन मेशिन | Good Quality, ISO certified | Piece |
| 4 | स्टिम मेशिन | Good Quality, ISO certified | Piece |
| 5 | Nasal Prongs | Good Quality, ISO certified | Piece |
| 6 | फेश मास्क | Good Quality, ISO certified | Piece |
| 7 | Reservior Mask | Good Quality, ISO certified | Piece |
| 8 | नेवुलाइजर | Good Quality, ISO certified | Piece |
| 9 | नेवुलाइजर मास्क ( सिंगल ट्युव) | Good Quality, ISO certified | Piece |
| 10 | सक्सन क्याथेटर ( सिंगल ट्युव) | Good Quality, ISO certified | Piece |
| 11 | अक्सिजन सिलिण्डर ( ४७ लिटर क्षमता) | Good Quality, ISO certified | Piece |
| 12 | अक्सिजन फलोमिटर | Good Quality, ISO certified | Piece |
| 13 | डस्ट विन (ठूलो) | Good Quality, ISO certified | Pieces |
| 14 | डस्ट विन (सानो) | Good Quality, ISO certified | Piece |
| 15 | पि.पि.इ. सेट ( गाउन सेट, हेड क्याप, गगल्स, फेश सिल्ड, सर्जिकल मास्क, एन ९५ मास्क, सर्जिकल ग्लोभ्स, डिस्पोजेवल ग्लोभ्स, गमबुट, शुज कभर सहित) | Disposable, Non- wooden material, Adult size | Set |
| 16 | ह्याण्ड सेनिटाइजर | Liquid Solution 70 % Alcohol w/v | Liter |
| 17 | सोडियम हाइपोक्लोराइट | Liquid Solution 5 %w/v | Liter |
| 18 | मेडिसिन ट्रे | Good Quality, ISO certified | Piece |
| 19 | क्लिप वोर्ड | Good Quality, ISO certified | Piece |
| 20 | वेड साइड लकर | Good Quality, ISO certified | Piece |
| 21 | इण्ट्युवेशन सेट | Good Quality, ISO certified | Set |
| 22 | इण्डोट्राकियल ट्युव | Different size 5, 5.5,6, 6.5,7 | Piece (2 each size) |
| 23 | डिजिटल एक्स रे मेसिन डि. आर. | Good Quality, ISO certified | Piece |
| 24 | चेस्ट लिड | Good Quality, ISO certified | Piece |
| 25 | डेड वडि व्याग | Good quality, Adult Size | Piece |
| 26 | सोफ्टी गगल्स | Good seal with face skin, PVC material frame, fog and scratch resistant, clear plastic lens | Piece |
| 27 | इनफ्रा रेड थर्मोमिटर | Good Quality, ISO certified | Piece |
| 28 | एम्पुल कटर | Good Quality, ISO certified | Piece |
| 29 | डिस्पोजेवल सिरीञ्ज १ मि.लि. | Good Quality, ISO certified | Piece |
| 30 | डिस्पोजेवल सिरीञ्ज २ मि.लि. | Good Quality, ISO certified | Piece |
| 31 | डिस्पोजेवल सिरीञ्ज ५ मि.लि. | Good Quality, ISO certified | Piece |

ख.आइसोलेसन सेन्टरका लागि आवश्यक औषधिहरु

| क. सं. | औषधिको नाम | स्पेशिफिकेशन | इकाइ |
|---|---|---|---|
| 1 | Tab Levofloxacin | 500mg/ Tab, WHO GMP certified | ट्यावलेट |
| 2 | Inj. Levofloxacin | 750 mg, WHO GMP certified | भायल |
| 3 | Syr. Azithromycin | 200mg/5ml, WHO GMP certified | बोत्तल |
| 4 | Inj. Paracetamol | 1 gm/500ml, Inf. WHO GMP certified | बोत्तल |
| 5 | Inj. Pentoprazole | 40 mg, WHO GMP certified | भायल |
| 6 | Tab. Pentoprazole | 40 mg, WHO GMP certified | ट्यावलेट |
| 7 | Asthalin Syr. | 2mg/5ml, WHO GMP certified | बोत्तल |
| 8 | Asthalin Solution | 15 ml/ Vial | भायल |
| 9 | Sol. Ipratropium Bromide | 15 ml/ Respirator Solution | भायल |
| 10 | N- Acetylcystine solution | 10 % 30 Ml Solution | भायल |
| 11 | Budesonide Inhalor with Rotacap | Inhalor 200 mcg / Dose | भायल |
| 12 | Tab. Vitamin C | 100mg/Tab, WHO GMP certified | ट्यावलेट |
| 13 | Tab. Vitamin D | 60000 IU/ Tab, WHO GMP certified | ट्यावलेट |
| 14 | Tab. Amoxycillin+ Clavulinic Acid | 500 mg+125 mg Tab, WHO GMP certified | ट्यावलेट |
| 15 | Tab. Zinc | 20mg/Tab, WHO GMP certified | ट्यावलेट |
| 16 | Cough Syrup | Phenylephrine Dextormethorphan, Chlorpheneramine 15 mg/5 ml Syr WHO GMP certified | बोत्तल |
| 17 | Tab. Dexamethasone | 0.5 mg/ Tablet | ट्यावलेट |
| 18 | Tab. Dexamethasone | 2 mg/ Tablet | ट्यावलेठ |
| 19 | Inj. Dexamethasone | 4mg/ml | भायल |
| 20 | Tab. Ecospirin | 150 mg/ Tablet | ट्यावलेट |
| 21 | Normal Saline | 500 ml/ Pint | बोत्तल |
| 22 | Dextrose with Normal Saline (DNs) | 500 ml/ Pint | बोत्तल |

ग. अन्य सामग्रीहरु

| क.सं | सामग्रीको नाम | स्पेसिफिकेसन | ईकाई |
|---|---|---|---|
| १ | एयर कन्डिसनर मेसिन | *digital display,heat and cool,smart inverter,low decibal sound,allergy care filter,duel inverter compressor,10 years warrenty and active energy control 2 ton capacity* | गोटा |
| २ | Heat and Cool water dispenser machine | ***Dual protection airtight Stainless steel Tank with Multi Stage RO Filtration, Ever fresh UV + (In tank UV), Mineral Booster (Ca & Mg*** | गोटा |
| ३ | ईन्भर्टर वेट्री | *1500 va inverter 2 sets, battery 160 AH 4 pieces* | सेट |

# अर्जुनधारा जेसीजद्वारा सहयोग



***अर्जुनधारा (प्रस) ।*** झापाको अर्जुनधारा-५ निवासी राजकुमार परियारको परिवारलाई अर्जुनधारा जेसीज शनिश्चरेले सहयोगस्वरुप ११ हजार एक सय रुपैयाँ प्रदान गरेको छ ।

जेसीजका पूर्व अध्यक्ष अजय देव, कार्यकारी उपाध्यक्ष बसन्त बुढाथोकी, उपाध्यक्ष सोना गेलाललगायतको टोलीले शनिबार परियारको घरमा पुगेर उक्त सहयोग प्रदान गरेको हो । बिर्तामोडस्थित बिएण्डसी अस्पताललाई बुझाउन बाँकी रकम जुटाउन संघर्षरत् परियार परिवारलाई थोरै भए पनि राहत पुगोस् भन्ने उद्धेश्यले प्रदान गरिएको उक्त रकम जेसीजका पदाधिकारीहरुबाट संकलन गरिएको पूर्व अध्यक्ष देवले बताए ।

अर्जुनधारा नगरपालिकाअन्तर्गतको यान्त्रिक शाखाका कर्मचारी समेत रहेका राजकुमारकी पत्नी कौशिलाको उपचारको क्रममा गत जेठ १७ गते निधन भएको थियो । अस्पतालमा दुई लाख रुपैयाँभन्दा बढी रकम बुझाउन बाँकी रहेको परियार परिवारको लागि आवश्यक सहयोग रकम जुटाउन जेसीजले सबैसँग आव्हान गरेको छ ।

यसअघि जेसीजले कोभिड-१९ रोग नियन्त्रण गर्न परिचालन भएको शनिश्चरे प्रहरी चौकीलाई १० बण्डल मास्क र पाँच लिटर सेनिटाइजर प्रदान गरेको जेसीजका कार्यकारी उपाध्यक्ष बुढाथोकीले जानकारी दिए ।

त्यसैगरी नगरभित्रका सबै वडाबाट अति विपन्न परिवार छनौट गरी खाद्यान्न सामग्री वितरण गर्ने तयारी भइरहेको जेसीजका कोषाध्यक्ष भवानी बरालले बताए ।

# गन्धर्वको भोक मेटाउँदै अनेरास्ववियु



***झापा (प्रस) ।*** झापाको कचनकवल गाउँपालिका-२ का गन्धर्व वस्तीमा राहत लिएर विद्यार्थी संगठन पुगेका छन् । चामल, दाल,खानेतेल, साबुन, नुनलगायतका अत्यावश्यक खाद्य सामग्री लिएर गन्धर्व वस्तीमा कचनकवल गाउँपालिका कमिटी अनेरास्ववियु पुग्दा स्थानीय खुशी भएका छन् ।

शनिबार ४५ घर परिवारलाई ७० हजारबढीको सामग्री बितरण गरिएको संगठनका केन्द्रीय सदस्य रोशन लामाले बताए । जिल्ला समन्वय समिति प्रमुख सोमनाथ पोर्तेल,सामाजिक युवा बिक्रम तिवारीको सहयोगमा गन्धर्व वस्तीमा प्रदेश सांसद बसन्त बानियाँको पहलमा बितरण गरिएको हो ।

अतिविपन्न परिवारका सन्थाल समुदायहरुलाई चामल, लुगा धुने साबुन, सोयाबिन ,नुन खानेतेललगायतका सामग्री विरण गरेको पूर्वाञ्चल गन्धर्व समाजमा सचिब रबिन गन्धर्वले बताए । 'ठूलो राहत मिल्यो'उनले भने , 'घरमा भएको अन्न सबै सकियोको थियो दाताहरुले ल्याइदिनुभयो ।' आफ्नो पालिकामा कोही पनि भोकले मर्न दिनु हुँदैन भन्दै स्थानीय युवा संघका नेता नवराज ढुंगाना ,उमेश मिश्र ,संदिप निरौलाले यसअघि पनि विभिन्न श्रोत जुटाएर उनीहरुलाई सहयोग गर्दै आएका छन् ।

कोरोना महामारीका कारण देशका विभिन्न कुना कन्दरासम्म पुगेर सारङ्गीको धुनमा गीत गाएर परिवार धान्दै आएका गन्धर्व जाति आर्थिक सङ्कटमा परेका छन् ।

## सूचना

पशु बलीप्रथा न्यूनीकरण, निरुत्साहन र अन्त्य गर्न सबै नागरिकहरु सक्रियतापूर्वक लागौं ।

नेपाल सरकार
सञ्चार सूचना तथा प्रविधि मन्त्रालय
सूचना विभाग

gj ;~rf/ uk kl-ln-åf/f kl̲sflzt tyf gj ;~rf/ ck ;]df dlblt sfof{no ebk'/ a; :6]8 klZrd, uh'/dv 6f]h, latf{dfß -emfkf_ kmf]g g+ )@#–%$#*@) 0d]n pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। सम्पादक : राजेन्द्र गौतम

# अभिव्यक्ति

## कविता

### महान



• तीर्थ सिग्देल

हिजोको स्टाटस फिर्ता लिए
बहुल राष्ट्रको आवाज उठाउने महतो
महान लाग्यो मलाई
अस्तिको स्टाटस पनि फिर्ता लिए
महतोलाई मन्त्री बनाउने केपी ओली
त भन् महान लाग्यो
केपी ओलीको संसद बिघटनको मुद्दाको
बिरोध गर्ने माधव नेपालहरु अझ महान लाग्यो
एमाले एमाले अलग गराएर
नयाँ सरकार बनाउने योजना बनाउने
शेरबहादुर देउवा त पुरै महान लाग्यो
बेलाबेला सत्ताको स्वाद चाखिरहने
कमल थापादेखि जनमोर्चाका केसी
साँच्चै महान लाग्यो
प्रचण्ड र बाबुरामहरुका पछिल्ला
व्यबहार देख्दा उहाँहरु अरु भन्दा महान लाग्यो
बामदेवदेखि नारायणकाजी र रामबहादुरहरु
उपेन्द्र, रामचन्द्र र सिटौला त यसै महान नै थिए
अब त ज्ञानेन्द्र पनि महान बन्न खोज्दै गरेको देख्दा
कहिलेकाही टोपबहादुरलाई पनि महान बनेको देख्छु
सत्ता र भत्तामा रमाएर देशलाई ओरालोतिर धकेल्ने
नेताहरुमा देखिएको महान बन्ने सपना देख्दा
जनता जनार्दनलाई मल, बीउ र हलो कुटो गरेको देख्दा
खासमा महान त ती किसान र आम जनता भएको देख्छु

## गजल



• तुलसीप्रसाद भट्टराई

राजनीतिमा उथलपुथल हुन पनि सक्छ
विचार न हो फेरबदल हुन पनि सक्छ।
सांसद बन्न चुनावमा जित्नु पर्छ पक्का
सांसद भए मन्त्री अब्बल हुन पनि सक्छ।
आफ्नो भाइ बैरी भए साथी दोस्ती हुन्छ
सत्ताटिक्ने यौटा अक्कल हुन पनि सक्छ।
आपसमा साझेदारी कुरा मिलेपछि
त्यही कुर्सी आफल्ताफल हुन पनि सक्छ।
कैले साथी बैरी हुन्छ कैले बैरी साथी
कतै कतै कोलाहल हुन पनि सक्छ।
सम्भावना खेल भित्र पर्छ राजनीति
आधा छल आधा निश्छल हुन पनि सक्छ।

# टिन एज लभ



• सुनिता खड्का

किशोरावस्थामा भएको रमाईलो सम्वन्धले आफैंलाई बुझ्न र पहिचान बनाउन महत्वपूर्ण भूमिका खेल्छ। किशोरावस्थाको माया व्यक्तित्व विकासको आयाम हो। एक दशक अघि किशोरावस्थामा सानुले पहिलो प्रेमको अनुभूति सँगाल्दा समाजबाट गल्ती काम गरेको जस्तो व्यबहार भोग्नु परेको थियो।

एक दशकको अन्तरालपछि उनले आफ्नो पहिलो प्रेमलाई भेटिन्। र, झलझली पुराना दिन सम्झन थालिन्। सानु त्यो समाजमा हुर्किन् जहाँ किशोरहरू अपरिपक्व हुने भएकाले अभिभावकले उनीहरूको बानी, व्यबहार र जीवनका बारेमा मार्गदर्शकको भूमिका खेल्नुपर्छ भन्ने मान्यता थियो। त्यसैले त्यो समाज किशोराबस्थाको प्रेम मन पराउँदैनथ्यो।

उनी पहिलो प्रेमलाई सम्झेर आफैंसँग प्रश्न गर्छिन् 'के त्यो माया थियो कि, आकर्षण मात्र?

अहिले सम्झेर ल्याउँदा त्यो आकर्षण मात्र थिएन किनकि, त्यसपछि उनले कहिल्यै सुन्दर जस्तो मान्छे भेटिनन्। सुन्दरसँगको जस्तो माया, सदभाव र सम्मानको भावना अरूमा आएन। अहँ कहिल्यै आएन।

किशोरावस्थाको माया कच्चा र क्षणिक हुन्छ। त्यो आकर्षण मात्र हो भन्ने उनलाई विश्वास लाग्दैन। परिवार, साथीभाइ र समाजले यस्ता सम्वन्धलाई राम्ररी बुझ्ने र बुझाउने हो भने किशोरावस्थामा विपरित लिंगीबीच हुने सम्बन्धलाई सामान्य रुपमा लिने थिए।

यस उमेरमा स्वाभाविक रुपमा उनीहरू नयाँ कुराको अनुभव लिन मन पराउँछन्। त्यस्तै उनीहरू शारीरिक आत्मीयता र यौन अनुभव अन्वेषण गरिरहेका हुन्छन्। यो उमेरमा उनीहरूसँग यौनका विषयमा कुरा गरेर यौन शिक्षालाई जीवनको एक स्वास्थ्य अंगका रूपमा बुझाउन सक्नुपर्छ। यसो गर्न सकियो भने किशोरावस्थाका छोराछोरी यौनका विषयमा आफ्ना जिज्ञासा अभिभावक वा शिक्षकसँग निर्धक्क राख्न सक्छन्।

यसबाट उनीहरू उमेरसँगै आउने संवेगलाई बुझ्थे अनि स्वस्थ्य र सुरक्षित सम्वन्धको विकास गर्ने थिए। त्यसैले अभिभावक र शीक्षकमा उनीहरूलाई यो एक महत्वपूर्ण विकासको चरणका रुपमा बुझाउन महत्वपुर्ण भूमिका हुन्छ।

आज प्रेममा असफल भएको भन्दै कति कुलतमा फसेको, मानसिक रोगी भएको र कतिले त हत्या वा आत्महत्या नै गरेका घटना भैरहेका छन्।

किशोरावस्थामा खुसी र स्वस्थ राख्न पारिवारिक वातावरणको महत्वपूर्ण भूमिका हुनेरै'छ। जस्तै स्पस्ट नियम, स्वस्थ पारिवारिक जीवनशैली, आपसी आत्मीयता आवश्यक हुन्छ। त्यस्तै उनीहरूलाई नयाँ कुरा गर्न उत्प्रेरणा दिने, उनीहरूका सबल पक्षको तारिफ गर्दै राम्रो काम गर्न केन्द्रीत गर्ने। खुसी र राम्रोको अर्थ उस्तै जस्तो लागे पनि यसको फरक अर्थ हुन्छ। किशोरावस्थामा भएका छोराछोरी खुसी र राम्रो दुवै हुन आवश्यक छ। यसो हुन सके स्वस्थ सम्वन्ध विकास हुन सक्छ। अभिभावक र छोराछोरी बीचमा दूरि हुँदैन थियो।

विशेषतः किशोरकिशोरीले लुकिछिपि भेट्नुपर्ने र अपराध गरेको जस्तो व्यबहार सहनु पर्ने थिएन। चोखो प्रेम गर्नेहरूले अपराध गरेझैं आत्माग्लानी गर्नुपर्ने थिएन।

किशोरावस्थामा भएको रमाईलो सम्वन्धले आफैंलाई बुझ्न र पहिचान बनाउन महत्वपूर्ण भूमिका खेल्छ। किशोरावस्थाको माया व्यक्तित्व विकासको आयाम हो। एक दशक अघि किशोरावस्थामा सानुले पहिलो प्रेमको अनुभूति सँगाल्दा समाजबाट गल्ती काम गरेको जस्तो व्यबहार भोग्नु परेको थियो।

लामो समयपछि त्यही प्रेमी भेटेपछि उनले त्यो प्रेमलाई मनोभावमा बास दिइन्। भोलिपल्ट बिहानै उठेर सुनौला हिमालमाथि नाँचिरहेका सुकिला बादलहरूलाई झ्यालबाटै नियालिन्। उनले न्यानो स्पर्श पाएको महशुस गरिन्। र, त्यो दिनलाई अविस्मरणीय बनाउने प्रयास गरिन्। प्रियतमको आगमनले सान्त्वना पाएको आभास भयो। मनैमनमा साथ, सहयोग र उत्प्रेरणा पाएको अनुभूति गरिन्। अनि हरेक पटकको वार्तालापमा आफू ऊर्जावान भएको अनुभव गर्न थालिन्। किशोरवास्था फर्केझैं लाग्यो।

ती दिन सम्झँदा उनलाई सपना जस्तै लाग्छ। कोहिनुर हिरा भन्दा बहुमूल्य क्षण जस्तो। सानु र सुन्दरलाई संयोगले नजिक्याएको थियो। उनीहरूको सम्वन्ध आज पनि उत्तिकै प्रेमिल छ। कहिलेकाहीँ साथीकोमा जाने भनेर सँगै सिनेमा हेर्न गएका पल र फर्कंदा बाटोभरि गरेका वार्तालाप, अहो कति निश्चल माया थियो!

एक दिन नदेख्दा एकले अर्कोलाई खोजिरहन्थे। आज पनि उनी सुन्दरलाई ती ठाउँहरूमा खोजिरहन्छिन्। तर सम्झना मात्र बाँकी छन्। सम्झना पनि कति मिठो! सुन्दरलाई पनि याद त आउँदो हो? उसको मायाले सानुको किशोरावस्थालाई संयमित बनायो। माया दिन र लिन सिकायो अनि मायामा निवार्थ भावना हुन्छ भन्ने प्रमाणित गरायो। त्यसैले माया प्राप्ती मात्र होइन, त्याग पनि हो भन्ने सकारात्मक सोच विकास गरायो।

सुन्दरको बौद्धिकस्तर सानुको भन्दा अलिक माथि थियो। त्यसैले ऊ सानुलाई सम्झाउने र पढ्न सिकाउने गर्थ्यो। त्यही व्यवहारले ऊ सधैं सानुको प्रेरणाश्रोत बनिरह्यो।

उनीहरूबीच लामो समयपछि फेरि वार्तालाप सुरु भएको छ। वार्तालाप बिस्तारै बाक्लिँदै जान्छ। अतितमा सँगै बिताएका रमाइला र मिठा पल कथाका पानाझै स्वतः पल्टन थाल्छन्। सानुका आँखामा सँगै बिताएका रमाइला दिनहरू अनि आपसमा साटेका मायाका भावनाहरू छाल बनेर लहराइरहन्छन्। त्यो उमेर अनि आकर्षण! सुन्दरको अँगालोमा बाँधिदाको मुटुको धड्कन! अहो सम्झँदै धड्कन बढ्छ। उनी किशोरावस्थामा आएका शारीरिक, मानसिक र भावनात्मक परिवर्तनलाई फेरि एक पटक फर्केर हेर्छिन्। शरीर नै सिरिङ भई काँडा उम्रेका ती पल आँखैमा कैद गर्छिन्। ती दृश्यलाई न छेक्न सक्छिन् न रोक्न। केवल छालहरूमा जेलिरहन्छिन्।

सुन्दरले छोएका हातका औंलाहरू अनि सुम्सुमाएका गाला! आज पनि कुरा गर्दा रातै हुन्छन् उनका गाला र आँखा। लाजले भुतुक्क भई जुधाएर हेर्न सक्दैनन्। किशोरावस्थालाई सकारात्मक, सबल र स्वस्थ्य रुपमा आत्मसात् गर्दै एकले अर्कालाई सम्मानजनक व्यबहार गरेका थिए उनीहरूले।

स्पर्शभन्दा अगाडि नबढेको सम्वन्ध अनि ती अनुशासनमय व्यबहारले सानुको मायालाई सधैं जीवन्त र चोखै राख्यो। किशोरावस्थामा आउने संवेगहरूलाई दुवैले सकारात्मक रुपमा लिए, भावनालाई बग्न दिए। एकआपसमा व्यक्त गरे। स्वस्थ्य सम्वन्धलाई बचाएर प्रेमलाई ऊर्जामा परिणत गरिदिए। सानु आज पनि सुन्दरलाई उत्तिकै माया, सम्मान र सदभाव गर्छिन्। त्यस्तै व्यबहार सुन्दरवाट पनि पाएको अनुभूति गर्छिन्।

उनीहरू आफ्नो सम्बन्धमा गर्व गर्छन्। उनीहरू दुवैको आ-आफ्नै सुन्दर संसार छ। उनीहरू आफ्नो मर्यादालाई उत्तिकै सम्मान गर्छन्। आपसमा सहयोगीका रुपमा छलङ्ग गर्छन्। लामो समयपछि सम्बन्धले नयाँ मोड लिएको छ। यसमा दुवै खुसी छन्। हिजो किशोरावस्थामा उनीहरू शारीरिक स्पर्शसम्म पुगेका थिए, आज भने स्पर्शरहित प्रेम गर्दैछन्। गरिरहनेछन्।

केही दिन कुरा गर्न नपाउँदा सानु नियास्रो मान्छिन्। सुन्दरको मिठो बोली अनि भावपूर्ण प्रस्तुत हुने शैलीले सानुको आत्मबल बढाएको छ। सुन्दरका कुरा सुन्न पाउँदा सानु दंग पर्छिन्। उनी यो सम्बन्धलाई जिवन्त राखेकि छिन् किनकि, यो सम्बन्ध निस्वार्थ र ओभानो छ।

एक्लो महशुस गरिरहेको सानुको मन र सेवाग्राहीहरुको माग र गुनासो सुन्दासुन्दा तनाव भएको क्षणबाट एकै छिन भए पनि उनी प्रफुल्ल हुन्छिन् जब सुन्दरसँग वार्तालाप हुन्छ। सानुलाई कुनै गुनासो छैन त्यस सम्वन्धमा किनकि, यहाँ आत्मीयता र दुई हृदयको स्पर्श छ। दुवैले एक अर्कालाई नजिकबाट चिनेका छन् त्यसैले त त्यस सम्वन्धमा कुनै संकोचको भाव छैन। सानुले आफ्ना भावना बुझ्ने मान्छेसँग खुलेर मनका कुरा गर्ने अवसर पाएकी छिन्। एक दशकदेखि छुटेको सम्वन्ध जोड्न एक मिनेट पनि लागेन। उनीहरू बीचको त्यो निस्वार्थ माया, दरिलो सम्वन्ध र अटल विस्वास जिवितै थियो। उनीहरू वीच पाउने र गुमाउने भन्ने कुनै भाव नै थिएन। त्यसैले त त्यो सम्वन्धले अर्को रुप लिँदा पनि दुवैलाई कुनै असर गरेको छैन। त्यो मायाले आज सानुलाई किशोरावस्थामा हुने सम्वन्धको गहिराईसम्म गएर बुझ्न सहज बनाएको छ। ती विगतका दिन सम्झँदा खुसी र आनन्दको अनुभूति गर्छिन्। सुन्दरलाई जीवन साथीका रुपमा नपाउँदा लागेको दुःख भन्दा उसलाई जीवनभर माया, सद्भाव र सम्मान गर्ने असल साथीका रुपमा पाएकामा गर्व गर्छिन्। दुवैले सम्बन्धमा अध्यात्मको संगम गराएका छन्। त्यहाँ शारीरिक र भौतिक सम्बन्धको गुन्जायस छैन। असल साथीको सम्बन्ध छ। यसैगरी उनीहरू खुसी भइरहुन्। धेरैधेरै शुभकामना!

# म्यान्मारको सशस्त्र विद्रोही समूह 'केआईए'मा गोर्खा बटालियन

– जीवन डाँगी

कम्तिमा डेढ लाख नेपाली भाषीको बसोबास रहेको बर्माप्रति (हाल म्यान्मारका नामले चिनिन्छ) पछिल्लो-समय नेपालीको पनि चासो बढेको छ। यो सकारात्मक हिसाबले भने होइन। त्यहाँको सेनाले नेपालमा तत्कालीन राजा ज्ञानेन्द्रले १६ वर्षअघि सत्ता हत्याएकै दिन पारेर प्रजातन्त्रको हरण गरेपछि त्यसप्रति आमनेपालीको चासो र चिन्ता बढेको हो। ०७७ माघ १९ मा त्यहाँको शक्तिशाली सेनाले राजनीतिक 'कू'मार्फत् सत्ता हातमा लियो। जननिर्वाचित सर्वोच्च नेतृ आङ सान सुकीसहित नेशनल लिग फर डेमोक्रेसीका सबै नेताको राजनीतिक गतिविधिमाथि पूर्ण प्रतिबन्ध लगाएको छ। अनि आन्दोलन र दमन दुवै चरम हुँदै गएको छ।

त्यहाँ दिनहुँ भइरहेको नरसंहार चाँडै रोक्न र आन्दोलनप्रति ऐक्यबद्धता जनाउन नेपालमा पनि संयुक्त राष्ट्रसंघ कार्यालय र नेपालका लागि म्यान्मार दूतावास अघि पटकपटक प्रदर्शन गरिएको छ।

सैन्य 'कू'पछि विभिन्न स्थानमा सरकारी सुरक्षा-फौज र विद्रोही जातीय समूहबीच भीडन्त भइरहेको छ। म्यान्मारमा अहिले २० भन्दा बढी जातीय सशस्त्र समूह भूमिगत वा अर्धभूमिगत शैलीमा उत्तिकै सक्रिय छन्, जससँग शान्तिपूर्ण आन्दोलनकारीले पनि सहकार्य गर्ने अवस्था सिर्जना हुँदै गएको छ। यसलाई गृहयुद्धको पूर्वसन्ध्याका रुपमा पनि हेर्न थालिएको छ।

नेपालीभाषीको सबैभन्दा बढी बसोबास रहेको मिचिना म्यान्मारको उत्तरी प्रान्त- कचिनमा पर्दछ। वर्षौंदेखि राज्यविरुद्ध विद्रोह गरिरहेको 'कचिन स्वतन्त्र संगठन' म्यान्मारकै प्रभावशाली राजनीतिक संगठन हो। जोसँग शक्तिशाली विद्रोही सेना समेत छ।

'कचिन स्वतन्त्र सेना' (केआईए) कचिन जनजातिको जातीय लडाकु दस्ता हो। कचिन प्रान्तमा केआईएको दबदबा छ। यो प्रान्तको ६० प्रतिशत यसैको नियन्त्रणमा छ। प्रशासन समेत उसैले चलाउँछ। कचिन जातिले केआईएको विद्रोही राजनीतिक आस्थालाई समर्थन गर्छन्। केआईएले विगत सात दशकदेखि त्यहाँको सरकारसँग अधिकार प्राप्तिका लागि संघर्ष जारी राखेको छ। उक्त सशस्त्र समूहलाई कचिन प्रान्तभित्रका अन्य जातिले पनि उत्तिकै सहयोग गर्दै आएका छन्। विद्रोही सैन्य संयन्त्र- केआईएभित्र पनि भिन्नाभिन्नै जातिका बटालियनहरु छन्।

म्यान्मारमा नेपालीभाषीलाई गोर्खा-जातिका रुपमा चिनिन्छ। धेरैलाई अचम्म लाग्न सक्छ- म्यान्मारको विद्रोही लडाकु समूह- केआईएभित्र गोर्खा बटालियन पनि छ। उनीहरु त्यहाँको सरकारविरुद्ध विद्रोहको झण्डा फहराउँदै गोर्खा पल्टनको चिनारी मानिने 'गोर्खा क्रस' खुकुरीसहितको लोगो लगाउने अन्तिम तयारीमा छन्।

गोर्खा स्वतन्त्र पल्टन होइन। कचिन स्वतन्त्र सेना (केआईए) अन्तर्गतको एउटा बटालियन मात्र हो। सशस्त्र समूहमा नेपाली भाषीहरू लुकीछिपी लागे पनि कसैलाई जानकारी दिएन।

केआईएमा नेपालीभाषी रहेको दुई महिनाअघि मात्रै चाल-पाएका हुन्, बर्माका नेपालीभाषीहरुले। म्यानमारमा प्रजातन्त्र बहाल रहँदा यसबारे खासै चासो थिएन तर पनि गाइँगुइँ हल्ला भने चल्ने गरेको थियो।

जब माघ १९ मा म्यान्मारमा सैन्य 'कू' भयो, नागरिक अधिकार हरण भयो, त्यसपछि सशस्त्र विद्रोही समूहको शान्तिपूर्ण राजनीतिमा विश्वास गर्ने दलहरुसँग सहकार्य सुरु भयो। यसको खोजी र समर्थन गर्ने जमात पनि ह्वातै बढ्यो।

सरकारी सुरक्षा-फौजको विकल्पमा केआईए विद्रोही सेनालाई हेरिन थालेको छ। नेपालीभाषीहरुको संख्या पनि दिनानुदिन बढिरहेको छ। लगत्तै, त्यहाँ कार्यरत गोर्खा सैनिकहरुले आन्तरिक रुपमा सम्पर्क बढाइरहेका छन्।

कुनै सयम केआईएलाई घृणको दृष्टिले हेर्ने गरिन्थ्यो। मानिसहरु शान्तिको पक्षमा वकालत गर्दा उनीहरुलाई समर्थन गर्न सक्ने अवस्था थिएन। तर, आजको म्यान्मार ठ्याक्कै उल्टो भएको छ। सरकारी सेनालाई बहिस्कार गर्ने अभियानहरु सुरुवात भैसकेको छ।

म्यान्मारका सडक-गल्लीमा केआईएलाई स्वागत गर्न थालिएको छ। टोल-टोलमा व्यानरसहितका ऱ्याली निस्कन थालेका छन्। यो सन्दर्भमा नेपालीभाषीहरु पनि आफ्नो समाजमा गोर्खा बटालियनको प्रभाव फैलाउँदै छन्। उनीहरुले परिवार र आफ्नो सुरक्षाको ख्याल गर्दै भूमिगत-शैलीमा युवा पुस्तालाई स्वतन्त्रताको अभियानमा सरिक हुन अपील गरेका छन्।

गोर्खा बटालियनमा अहिलेसम्म चार सय हाराहारीमा नेपालीभाषी युवा भर्ना भइसकेका छन्। सैन्य 'कू'पछि सेनामा जोडिनेहरुको संख्या क्रमशः बढिरहेको छ।

म्यान्मार सेनाको रबैयाविरुद्ध गोर्खाली युवा पनि एकताबद्ध भइरहेको नेपालीभाषीहरु नै बताउँछन्। पछिल्लो समय दिनहुँ ४-५ जना गोर्खा बटालियनका लागि आउनेगरेको केआईएको गोर्खा बटालियनमा कार्यरत एक जवान बताउँछन्। उनी अहिले कचिन प्रान्तको लाइजास्थित गोर्खा बटालियनमा छन्। लाइजा चिनियाँ सीमावर्ती क्षेत्र हो।

कचिन स्वतन्त्र सेना (केआईए) मा गोर्खा पल्टन सन् २००७ मा गठन भएको थियो। 'बर्माको सैन्य जुन्ताले निर्दोष र निःशस्त्र नागरिकमाथि संहार गरिरहेको छ,' केआईए गोर्खा पल्टनमा कार्यरत नेपालीभाषी ती लडाकुले भिडियो कुराकानीमा भने, 'गोर्खा सेना पनि आफ्नो देशको प्रजातन्त्र र जनताको रक्षाका लागि देशद्रोही म्यान्मार जुन्ता-सैनिकसँग युद्ध गर्न तयार भएको छ।'

ती विद्रोही लडाकु केआईएको गोर्खा बटालियनमा दुई महिनाअघि मात्रै भर्ना भएका हुन्। अहिले आफू तालिमकै चरणमा रहेको बिएल नेपाली सेवालाई जानकारी दिए। 'म जस्तै दर्जन गोर्खाली (नेपालीभाषी) हरू यसमा एकसाथ जोडिएका हौं। हामी तानाशाही जुन्ताविरूद्ध लड्नकै लागि युद्धको मैदानमा उत्रिएका छौं,' उनले भने।

उक्त लडाकु समूहका सदस्यहरुले एकआपसमा सामाजिक सञ्जालको प्रयोगमार्फत् सूचना आदानप्रदान गर्दै आएका छन्। उनीहरू समूहभित्र विभिन्न उप-समूहमा समेत बाँडिएका छन्।

गोर्खा डुवा रंग ट्याङ एक जना गोर्खा लडाकूको नाम हो। १७ वर्षको उमेरमा १० वर्षअघि उनी केआईएमा भर्ना भएका थिए। उनी सन् २०११ को अन्तिममा त्यहाँ जोडिँदा नेपालीभाषी लडाकु औंलामा गन्न सकिने संयामा थिए।

ट्याङले सन् २०१२ को सबैभन्दा ठूलो भिडन्तसमेत भोगेका छन्। म्यान्मार सरकारी सुरक्षा-फौजसँगको उक्त युद्धमा दुवै तर्फबाट थुपै लडाकू मारिए तर उनी आफूलाई भगवानले बचाएको विश्वास गर्छन्। कुनै समय केआईए सेनामा लाग्दा आफू र आफ्नो परिवारलाई गोर्खा समाजले नै अपमान गरेको स्मरण गर्छन्- उनै ट्याङ। उनले भने, 'केआईएको सेनामा भर्ना हुँदा हाम्रो परिवारलाई गोर्खा समाजले मन्दिरदेखि धर्मशालासम्म जान रोकटोक गरेको थियो नि! तर, आज त्यस्तो छैन। सबैले राम्रो समर्थन गरिरहनु भएको छ।'

जातीय विद्रोही समूह केआईएमा पछिल्लो समय दिनहुँ युवाको आकर्षण बढ्दै गएको छ। सरकारी सेनाको राजनीतिक 'कू' र नागरिकमाथिको ज्यादतीविरूद्ध उनीहरू विद्रोही मोर्चामा सामेल भएका हुन्।

प्रशिक्षणमा लागेका गोर्खालीहरूको सहयोगमा कोही आर्थिक जोहो गरिरहेका छन्। कतिपय संगठनमा समाहित हुनेहरूका लागि सुरक्षित स्थान र सम्पर्क कमाण्डर भेटाउन खटिएका छन्।

उनीहरूले यी सबै काम सामाजिक सञ्जालद्वारा गरिरहेको सोही कार्यमा तल्लिन नेपालीभाषी युवा बताउँछन्। युद्ध मैदानमा होमिएका युवाहरूको सहयोगको लागि नेपाली भाषीहरूले गोप्य रुपमा आर्थिक सङ्कलन समेत गरिरहेका छन्।

केआईएको नियम नै छ- गोर्खालीको हातमा अनिवार्य खुकुरी हुनुपर्छ। उनीहरू खुकुरीलाई गोर्खा सेनाको पहिचान मान्छन्।

# विपन्न परिवारलाई बाह्रदशी जेसीजको सहयोग

***भद्रपुर (प्रस) ।*** बाह्रदशी जेसीजले विपन्न परिवारका कोरोना संक्रमितलाई पोषणयुक्त खाद्य पदार्थसहित मास्क, सेनिटाइजर वितरण गरेको छ।
स्वास्थ्य संयोजक डा. विवेक गौतमको उपस्थितिमा उक्त सामग्री बाह्रदशीका अतिविपन्न परिवारका कोरोना संक्रमितको घरमा पुर्‍याइएको हो।

अतिविपन्न परिवारमा खाद्यान्न संकट आउन नदिन खाद्य पदार्थ समेत वितरण गरिएको छ। बाह्रदशी गापाभरिका कोरोना संक्रमितहरुमध्ये विपन्न परिवारलाई सहयोग गर्ने उद्देश्यले जेसीजका सदस्यहरुबाट आर्थिक संकलन गरी सो सामग्री वितरण गरिएको जनाइएको छ।

# टेण्डर बैधानिक भएको नगरपालिकाको दावी

***बिर्तामोड (प्रस) ।*** बिर्तामोड नगरपालिकाले नगर अस्पतालको फार्मेसी सञ्चालनका लागि गरिएको टेण्डर बैधानिक प्रकृया पुरा गरी आव्हान गरिएको पाइएको छ।

सोका लागि नगरपालिकाले २०७८ साल बैशाख २३ गते सार्वजनिक सूचना जारी गरेको थियो। जसका लागि वार्षिक न्यूनतम बाह्र लाख रुपैयाँको शिलबन्दी दरभाउ पत्र पेश गर्न आव्हान गर्न सार्वजनिक सूचना गरिएको पाइएको छ। केही दिन अगाडि केही संचारमाध्यममा यसबारे भ्रमपूर्ण समाचार प्रकाशन गरिएको तथ्य फेला परेको छ।
नगरपालिकाको वेबसाइट र सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित सार्वजनिक सूचनाका आधारमा विभिन्न ५ वटा फर्मले दरभाउ पत्र पेश गरेको पाइएको छ। जसका लागि जनकल्याण फार्मेसी बिर्तामोड ५, अमन फार्मेसी बिर्तामोड ७, कन्काई माई ड्रग हाउस बिर्तामोड ५, पुष्पलता मेडिकल हल बिर्तामोड ४ र कालिमा ड्रग डिष्ट्रिव्युटर्स अर्जुनधारा ११ ले शिलबन्दी दरभाउपत्र पेश गरेको पाइएको छ। जसमध्ये कालिमा ड्रग डिष्ट्रिव्युटर्स अर्जुनधारा ११ ले सबैभन्दा बढी ३६ लाख ६० हजार (भ्याट बाहेक) शिलबन्दी दर भाउ पत्र पेश गरेको नगरपालिकाको सूचना प्रविधि अधिकृत जयराम चौलागाईले जानकारी दिए। उनका अनुसार जनकल्याण फार्मेसीले १२ लाख ११ हजार, अमन फार्मेसीले १२ लाख, कन्काई माई ड्रग हाउसले १६ लाख ४९ हजार ७९९ रुपैयाँ ९७ पैसा र पुष्पलता मेडिकल हलले ३६ लाख रुपैयाँको शिलबन्दी दरभाउ पत्र पेश गरेका थिए।
नगरपालिकाका उपसचिव तिलचन भण्डारीको संयोजकत्वमा बोलपत्र मूल्यांकन समिति गठन गरिएको छ। सो बोलपत्रको सार्वजनिक सूचनाका आधारमा आवश्यक प्रक्रिया पुरा गरेर सम्झौता हुने नगरपालिकाले जनाएको छ।

**कालिमा ड्रग डिष्ट्रिव्युटर्स ३६ लाख ६० हजार (भ्याट बाहेक), जनकल्याण फार्मेसीले १२ लाख ११ हजार, अमन फार्मेसीले १२ लाख, कन्काई माई ड्रग हाउसले १६ लाख ४९ हजार ७९९ रुपैयाँ ९७ पैसा र पुष्पलता मेडिकल हलले ३६ लाख रुपैयाँको शिलबन्दी दरभाउ पत्र पेश गरेका थिए।**

यता बिर्तामोड नगरपालिकाले नगर अस्पतालमा स्वास्थ्य बिमा सेवा सञ्चालनका लागि स्वास्थ्य विमा वोर्डका निर्देशक दामोदर बसौला र नगरप्रमुख ध्रुबकुमार शिवाकोटीबीच २०७७ फागुन २७ गते सम्झौता गरिसकेको छ। जसका आधारमा गत जेठ १ गतेदेखि सो सेवा सुचारु गर्नुपर्नेमा कोरोना संक्रमणका कारण आन्तरिक व्यवस्थापनमा ढिलो भएको नगरपालिकाका शाखा अधिकृत देवराज कार्कीले बताए।

उनले बिमाको सेवा चाँडै सुचारु गर्ने जानकारी दिए। उनले गत जेठ १ गतेबाट बिर्तामोड नगर अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम लागू हुने कानूनतः सही हो। तर, कोरोना संक्रमणका कारण आन्तरिक ब्यवस्थापनमा ढिलाई भएको भएपनि तत्कालै सेवा सुचारु हुने जानकारी दिए। बिर्तामोड नगरपालिकाका प्रवक्ता अग्निप्रसाद पाण्डेले नगरभित्रका स्वाथ्य बिमाको कार्यक्रम हाल कोभिडका कारणले औषधि बितरण हुन नसकेको जनाउँदै नियमित हुन नसकेको कुरालाई सञ्चारमाध्यमले समाचार प्रसारण गर्दा सत्य तथ्य बुझेर प्रसारण गरिदिनु हुन अनुरोध गरेका छन्।

## बिर्तामोड नगरपालिका र इलाका प्रहरी कार्यालय अनारमनीको विशेष अनुरोध

हाल आएर छिमेकी देश लगायत नेपालमा समेत कोरोना संक्रमणको प्रकोप दिनानुदिन समुदाय स्तरमा फैलन थालेकाले सोलाई मध्यनजर राख्दै सोको रोकथाम र नियन्त्रणका लागि निम्नानुसार गर्न/गराउनु हुन सम्पूर्ण नगरबासीहरुमा हर्दिक अनुरोध गरिन्छ।
निम्नः-
(१) भौतिक रुपमा उपस्थित भै सञ्चालन गर्ने सबै प्रकारका सभा सम्मेलन, खेलकुद, विवाह, ब्रतबन्ध, पास्नी, मेला, महोत्सब, जात्रा, पर्व, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक कृयाकलापहरु सञ्चालन गर्दा/गराउँदा नेपाल सरकारले तोकेकोजनस्वास्थ्य सम्बन्धि मापदण्डको पूर्णरुपले पालना हुने गरि बढीमा २५ जनासम्म सहभागि हुने गरि मात्र गर्ने र त्यस्ता कार्यक्रमहरु पार्टी प्यालेसमा गर्ने भए अनिवार्यरुपमा स्थानीय प्रशासनको पूर्वस्विकृति लिएर मात्र गर्ने/गराउने।
(२) सार्बजनिक यातायातका साधन सञ्चालन गर्दा जनस्वास्थ्यको मापदण्डको पूर्ण पालना गरि सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ,सवारी साधनमा सेनिटाईजरको व्यवस्था अनिवार्य गर्ने, यात्रुलाई मास्क लगाउन अनिवार्य गर्ने/गराउने।
(३) कार्यालय, पसल तथा सार्बजनिक स्थलहरुमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने।
(४) होटल तथा रेष्टुराहरु स्वास्थ्य सम्बन्धि मापदण्डको पालना गरी सेवाग्राहीहरुलाई मास्क, भाइजर र पञ्जा अनिवार्य गर्ने र बिहान ८:०० बजे देखि बेलुका ८:०० बजे सम्ममात्र सञ्चालन गर्ने/गराउने।
(५) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल वैशाख मसान्त सम्म बन्द गर्ने/गराउने।
(६) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल बैशाख मसान्त सम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने/गराउने।
(७) सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रुपमा उपस्थित भईै गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्य मापदण्ड पालना गरी संचालन गर्ने तर सुरक्षा निकायले आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई संचालन गर्न सकिने।
(८) कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले दुई मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको सूचना वडा कार्यालय तथा नगरपालिकालाई दिने।
(९) आमनागरिकले घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने,
१०) कोरोना रोगको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाउँ।

**बिर्तामोड नगरपालिका**
**इलाका प्रहरी कार्यालय, अनारमनी**
बिर्तामोड, झापा

## सूचना


**गलत समाचार सम्प्रेषण अपराध हो ।**

**त्यसैले सूचनाको तोडमोड नगरौं ।।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
*सूचना विभाग*




**मानव डेन्टल**
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान





प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

## वर्गीकृत विज्ञापन

**अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा**
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

**सुपर काइनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

**राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्**
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
**पोखरेल अफसेट प्रेस**
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

**हरि ओम (UPVC) उद्योग**
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रूफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४



**तपाईकोमा प्रतिदिन आएन ?**
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## राशिफल

**मेषः** आलस्य र थकानको अनुभूति हुनेछ। झुटा आरोप लाग्न पनि सक्छ।
**वृषः** सहयोगीहरूले काममा साथ दिनेछन्। खेतिपातीबाट बढी लाभ लिन सकिनेछ।
**मिथुन :** वैदेशिक क्षेत्रको काम भने विस्तारै अघि बढ्नेछ।
**कर्कट :** चिताएको कामले तीव्रता लिनेछ। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ।
**सिंह :** मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ।
**कन्या :** शुभ समाचार सुन्न पाइएला। नसोचेको ठाउँबाट धनागम हुनसक्छ।
**तुला :** मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ।
**वृश्चिक :** व्यवसाय बढाउने वा नवीन रोजगारीको अवसर आउनेछ।
**धनु :** आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।
**मकर :** पठनपाठनका क्षेत्रबाट लाभ लिन सकिनेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।
**कुम्भ :** पठनपाठनमा मन जानेछ। टाढाको मित्रजन सँग भेट हुने योग छ।
**मीन :** परिवारजनसँग मनमुटाव हुन सक्छ , स्वास्थ्यमा समस्या आउनेछ।